अंक ७, २०६७ माघ (जनवरी/फेब्रुअरी २०११)

# सेबोन न्यूजलेटर

सचेततापूर्वक धितोपत्रमा लगानी गरी देशको आर्थिक विकासमा सहभागी बनौं ।

## बोर्ड भवनको शिलान्यास

माननीय अर्थमन्त्री सुरेन्द्र पाण्डेले २०६७ पुष २ गते ललितपुर, सातदोबाटोमा निर्माण हुने नेपाल धितोपत्र बोर्डको नयाँ भवनको एक समारोह बीच शिलान्यास गर्नुभयो । शिलान्यास समारोहमा मन्त्री पाण्डेले पुँजी बजारलाई आधुनिकीकरण गर्न आवश्यक भएको बताउदै पुँजी बजारलाई आधुनिकीकरण गर्न आवश्यक क्षमता अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिनु भयो । यसका लागि सरकारले आवश्यक सहयोग गर्ने जानकारी दिँदै नीजि क्षेत्र अहिले सशक्त भएर आएकाले नियमनकारी निकायहरुपनि प्रभावकारी भएर अगाडि बढ्नुपर्छ भन्नु भयो । उक्त अवसरमा मन्त्री पाण्डेले बोर्डको भवन निर्माणका लागि आवश्यक परे सरकारले पनि आर्थिक सहयोग गर्न तयार रहेको जानकारी दिनुभयो ।

शिलान्यास समारोहमा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले पुँजी बजारलाई सही किसिमले अघि बढाउन नियमनकारी निकायहरुले प्रभावकारी रुपमा कार्य गर्नुपर्नेमा जोड दिदै नियमनकारी निकायहरु खुकुलो भएकै कारण विश्व अर्थतन्त्र समेत नाजुक भएको उल्लेख गर्दै नियमनकारी निकायले प्रभावकारी रुपमा काम गरेका मुलुकको अर्थतन्त्रमा नकारात्मक असर नदेखिएको प्रष्ट पार्नुभयो । वित्तीय संकटले छिमेकी मुलुक भारतमा समेत नकारात्मक असर नपर्नुमा त्यहाँका नियमनकारी निकायहरु प्रभावकारी हुनु नै हो भन्नु हुदै अध्यक्ष डा. पौड्यालले नियमनकारी निकायहरुले स्वतन्त्रपूर्वक काम गर्न पाउनुपर्ने तथा नियमन निकायहरुले आफै काम गर्न सक्ने क्षमता निर्माण गर्नुपर्ने बताउनु भयो ।

नेपाल सरकार, अर्थमन्त्रालयका पदाधिकारी, बोर्ड सदस्य, नेपाल स्टक एक्सचेन्जका महाप्रबन्धक, नागरिक लगानीकोषका कार्यकारी निर्देशक लगायतको उपस्थिति रहेको उक्त कार्यक्रममा नेपाल धितोपत्र बोर्डका निर्देशक निरज गिरीले स्वागत मन्तव्य राख्दै भवन निर्माणका लागि करिव १५ करोड ३७ लाख लाग्ने अनुमान गरिएको जानकारी दिनुभयो । कार्यक्रमको सञ्चालन बोर्डका उप निर्देशक मेखवहादुर थापाले गर्नुभएको थियो ।



अर्थमन्त्री सुरेन्द्र पाण्डेद्वारा ललितपुर, सातदोबाटो स्थित बोर्डको नयाँ भवन शिलान्यास गर्नु हुदै ।

## सूचीकृत संस्थालाई कर छुटको ब्यवस्था

नेपाल सरकारले धितोपत्र बजारमा सूचीकरण भएका संगठित संस्थाहरुलाई १० प्रतिशत कर छुटको ब्यवस्था गरेको छ । नेपाल सरकारको आर्थिक विधेयक, २०६७ को दफा ३३ (९) (ग) (३)(छ) मा उक्त ब्यवस्था भएपछि पुँजी बजारमा धितोपत्र जारी गरी नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबारका लागि सूचीकरण भएका उत्पादनमुलक, पर्यटन सेवा, जलविद्युत उत्पादन, वितरण तथा ट्रान्समिसन गर्ने निकायहरुलाई लाग्ने करमा उक्त छुट उपलब्ध हुने भएको हो ।

# चिलिमेको स्थलगत निरीक्षण

रसुवाको बिक्री केन्द्रहरुबाट निष्काशन सुरु भएको चिलिमे जलविद्युत् कम्पनी लि. को सेयर बिक्री वितरण भएकोमा नेपाल धितोपत्र बोर्डले सो निष्काशनको स्थलगत निरीक्षण गरेको छ । सो निरीक्षणमा बोर्डका निर्देशक निरज गिरी र उपनिर्देशक ध्रुव तिमिल्सिना सहभागी हुनु भएको थियो । एन.आई.डि.सी. क्यापिटल मार्केट्स लि. का प्रमुख कार्यकारी केएच राणा, नागरिक लगानी कोषका कार्यकारी निर्देशक ऋषिराम गौतम, सेयर निष्काशन कम्पनीका तर्फबाट चिलिमे जलविद्युत् कम्पनीका कम्पनी सचिव विदुर ढुङ्गानासमेत सो निरीक्षणमा सहभागी हुनुभएको थियो ।

रसुवाबासीलाई छुट्टाएको नौ लाख ६० हजार कित्ता सेयर विक्रीका लागि रसुवा जिल्लाका कालिकास्थान, धुन्चे र स्याफ्रुबेसी तीन केन्द्र तोकिएको छ । चिलिमे जलविद्युत् कम्पनीले सर्वसाधारणका लागि जारी गर्ने धितोपत्रको सार्वजनिक निष्काशनको एनआईसीएम क्यापिटल मार्केट्स लि. र नागरिक लगानी कोषले संयुक्त रुपमा निष्काशन तथा बिक्री प्रबन्ध कार्य गरेका छन् ।






चिलिमे जलविद्युत कम्पनी लि. को साधारण सेयर आवेदन संकलन केन्द्र, धुन्चे, रसुवा ।

## मर्चेन्ट बैंकिङ्ग व्यवसाय सम्बन्धी अन्तर्क्रिया

नेपाल धितोपत्र बोर्डले २०६७ भाद्र १५ गते मर्चेन्ट बैंकिङ्ग व्यवसाय सम्बन्धी एक अर्न्तक्रिया कार्यक्रम आयोजना गऱ्यो । मर्चेन्ट बैंकर तथा निष्काशनकर्ता कम्पनीहरुले पालना गर्नुपर्ने कानुनी व्यवस्था, व्यवसायमा देखिएका व्यवहारिक समस्या एवं नियम पालना सम्बन्धमा सम्बन्धित पक्षहरुसंग अन्तर्क्रिया गरी मर्चेण्ट बैकिङ्ग व्यवसाय सम्बन्धी नियमन व्यवस्था तथा अभ्यासका सम्बन्धमा स्पष्टता बढाई मर्चेन्ट बैंकिङ्ग व्यवसायलाई थप पारदर्शी एवं विश्वासनीय बनाउन सहयोग पुऱ्याउने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको थियो ।

सम्पूर्ण मर्चेन्ट बैंकरहरु, बैकर्स एसोसियन, विकास बैंकसंघ, वित्त कम्पनी संघका प्रतिनिधि/अध्यक्ष, ब्रोकर संघ प्रतिनिधि/अध्यक्ष, स्टक एक्सचेन्ज प्रतिनिधि, आर्थिक पत्रकारहरु, केही सूचीकृत कम्पनीका कम्पनी सचिवहरु सम्मिलित उक्त अर्न्तक्रियामा संस्थागत वित्त विभागका प्रमुख ध्रुव तिमिल्सिनाले मर्चेन्ट बैंकिङ्ग व्यवसायः प्रकृया तथा अभ्यासका सम्बन्धमा, वित्तीय सूचना विश्लेषण विभागका प्रमुख मेखवहादुर थापाले मर्चेन्ट बैंकिङ्ग व्यवसायः वित्तीय सूचना प्रवाह व्यवस्था तथा अभ्यासका सम्बन्धमा र भिबोर क्यापिटल लि.का व्यवस्थापक दीपेश बैद्यले मर्चेन्ट बैंकिङ्ग व्यवसायः सैद्धान्तिक पक्ष तथा अभ्यासका सम्बन्धमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रमाथि साउथ एशियन इन्स्टिच्युट अफ म्यानेजमेन्ट (सायम) का डीन प्रा.डा. विजय केसी, नेपाल धितोपत्र बोर्डका पूर्व अध्यक्ष दीपकराज काफ्ले तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका उपाध्यक्ष सुदर्शनराज पाण्डेले टिप्पणी गर्नुभएको थियो ।




मर्चेन्ट बैंकिङ्ग व्यवसाय : एक अन्तर्क्रिया कार्यक्रममा सहभागी बोर्डका अध्यक्ष तथा अन्य महानुभावहरु ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. पुष्कर बज्राचार्यले धितोपत्र सम्बन्धी कानुनहरुमा एकरुपता हुनुपर्ने बताउदै बजारमा प्रयोग हुने धितोपत्र औजारहरुको नियमन र सुपरीवेक्षण गर्न बोर्डको क्षमता अभिवृद्धि हुनुपर्ने धारणा राख्नु भयो । बजारमा नयाँ नयाँ औजारहरुको खोजी एवं प्रयोग बढाउनुपर्ने बताउदै बज्राचार्यले संसारमा सबैभन्दा जटिल मानिने डेरिभेटिभ मार्केटलाई त नियमन गर्न सकिन्छ भने अन्य बजारलाई नियमन गर्न नसकिने भन्ने होइन, बजार विस्तार र विकासको आधारमा ऐन नियमहरु बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपाल धितोपत्र बोर्डका पूर्व अध्यक्ष डम्बरप्रसाद ढुङ्गेलले वर्तमान अवस्थामा मर्चेन्ट बैंकरहरु अझ बढी सक्षम हुनुपर्ने धारणा राख्दै मर्चेन्ट बैंकरहरुको क्षेत्र विस्तार हुनुपर्नेमा जोड दिनुभयो । पूर्व अध्यक्ष ढुङ्गेलले धितोपत्र बजार विकासका लागि मर्चेन्ट बैंकरहरुले पनि केही योगदान गर्नुपर्ने औंल्याउदै मर्चेन्ट बैंकर तथा लगानीकर्ता सबैमा बजारसम्बन्धी प्राविधिक ज्ञानको स्तर अभिवृद्धि हुनुपर्ने बताउनु भयो । सभापतिको आसनबाट नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले वर्तमान अवस्थामा बोर्डलाई कार्यगत स्वायतत्ता चाहिएको बताउदै नियमन निकायको क्षमता अभिवृद्धि नभएसम्म बजारमा अरु कुराहरुको विकास गर्न नसकिने भन्दै नियमन निकायको क्षमता एवं बजार विस्तारमा नीजि क्षेत्रले समेत जोडदार रुपमा आवाज उठाउनु पर्ने बताउनु भयो । स्वागत मन्तब्यका साथ कार्यक्रम बारे जानकारी दिदै नेपाल धितोपत्र बोर्डका उपनिर्देशक डा. नबराज अधिकारीले मर्चेन्ट बैंकरले प्रायः सबै धितोपत्र ब्यवसाय गर्न सक्ने सन्दर्भमा एक ब्यवसाय तथा अर्को ब्यवसाय बीचमा Conflicts of Interest हुन सक्ने हुँदा सो सम्बन्धमा उपयुक्त आचारसंहिता बनाउनुपर्ने बताउनु भयो । सो अवसरमा नेपाल इन्भेष्टर फोरमका अध्यक्ष सुनन्दवहादुर श्रेष्ठ, स्टक ब्रोकर एसोसियसनका अध्यक्ष नन्दकिशोर मुन्डडा लगायतले आआफ्नो धारणा राख्नु भएको थियो ।

# पुँजी बजार विकास गुरुयोजना निर्माण हुने

नेपाल धितोपत्र बोर्डले पुँजी बजार विकास सम्बन्धी गुरुयोजना निर्माण गर्ने भएको छ । पुँजी बजारको प्रभावकारी नियमन, दिगो विकास र बजारमा थप सुधार गर्न तयार गरिने उक्त पुँजी बजार विकास गुरुयोजना निमार्णमा प्राविधिक सहयोग गर्न विश्व बैंकको एक विज्ञ टोली नेपाल आई २०६७ कार्तिक ८ गते सोमबारबाट आफ्नो कार्य शुरु गरेको छ ।

विश्व बैंकमा रहेको वहु-दातृ निकाय सहयोग कोष, Financial Sector Reform and Strengthening (FIRST) Initiative ले उक्त नेपालको पुँजी बजार विकास गुरु योजना बनाउन १,५२,५०० अमेरिकी डलर रकम बराबरको प्राविधिक सहयोग उपलब्ध गराएको छ । पुँजी बजार विकास गुरु योजना निर्माणमा प्राविधिक सहयोग गर्नेमा विश्व बैंकका अर्न्तराष्ट्रिय पुँजी बजार विज्ञ रिचार्ड प्राट तथा Financial Sector Reform and Strengthening (FIRST) Initiative का आयोजना अधिकृत लोरेट्टा फोरान रहेका छन् ।

गुरु योजना निमार्णका क्रममा टोलीले अर्थ मन्त्रालय, कानुन मन्त्रालय, उद्योग मन्त्रालयका पदाधिकारी, नेपाल धितोपत्र बोर्डका अध्यक्ष तथा विभागीय प्रमुखहरु, बैंकिङ्ग सुपरिबेक्षण विभागसहित नेपाल राष्ट्र बैंकका पदाधिकारी, नेपाल स्टक एक्सचेन्ज लि.का पदाधिकारी एवं केही स्टक ब्रोकरहरुसंग भेटघाट गऱ्यो । टोलीले वीमा समिति, नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था, लेखामान बोर्ड, नेपाल उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ केही बाणिज्य बैंक, नेपाल टेलिकम एवं केही जलविद्युत् तथा डाबर नेपाल, सूर्य नेपाल लगायतका उत्पादन प्रशोधन क्षेत्रका केही कम्पनीहरु एवं लगानीकर्ता सम्बद्ध संस्थाहरुसंग समेत भेटघाट गरेको थियो ।

विश्व बैंकको प्राविधिक टोलीले पुँजी बजार विकास गुरु योजनाका लागि धितोपत्रमा गैर आवासीय नेपाली एवं संस्थागत अर्न्तराष्ट्रिय लगानी, केन्द्रीय निक्षेप प्रणाली स्थापना, सामुहिक लगानी योजना विकास र सञ्चालन लगायतका सम्बन्धमा अध्ययन गरी बजारको आवश्यकतासमेतका आधारमा पुँजी बजार नियमन निकायको संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक सुझावसहितको प्रतिवेदन बोर्ड समक्ष पेश गर्नेछ । गुरुयोजनाले पुँजी बजार विकाससम्बन्धी परिकल्पना, ध्येय, उद्देश्य एवं लक्ष्य किटानी गर्दै आवश्यक सिफारिस रणनीति र कार्य योजना विकास गर्नेछ ।

पुँजी बजार विज्ञले Capital Market Assessment Report पेश गरिसकेको र योजना तर्जुमा कार्यलाई अगाडि बढाउन एक निर्देशक समिति सहित 'कानुन तथा कानुन प्रबलीकरण सुझाव कार्यगत समूह' 'धितोपत्र निष्काशन, सूचीकरण तथा मर्चेन्ट बैंकिङ्ग व्यवसाय सुझाव कार्यगत समूह' 'लेखा तथा लेखा परीक्षण स्तरको पालना, लेखा अभ्यास तथा विवरण प्रवाह सुझाव कार्यगत समूह' 'नियमन स्वायत्तता, जवाफदेहिता तथा बोर्ड सुशासन सुझाव कार्यगत समूह' 'बजार पूर्वाधार तथा ऋणपत्र बजार विकास सुझाव कार्यगत समूह' 'धितोपत्र शिक्षा तथा पूर्वाधार विकास सुझाव कार्यगत समूह' गठन भई क्षेत्रगत राय सुझाव संकलन तथा सिफारिशका लागि क्रियाशिल भैसकेको छ ।

# नयाँ बोर्ड सदस्य नियुक्त

नेपाल सरकार, अर्थ मन्त्रालयले २०६७ कार्तिक ३० गतेदेखि नेपाल धितोपत्र बोर्डको विज्ञ सदस्यमा कोमलबहादुर चित्रकारलाई नियुक्त गरेको छ । यस अघि बोर्डका विज्ञ सदस्यमा सुरेन्द्रमान प्रधान कार्यरत हुनुहुन्थ्यो । विज्ञ सदस्यमा नियुक्त चित्रकार साउथ एशियन फेडेरेसन अफ एकाउन्टेन्ट्स (साफा) का अध्यक्ष एवं नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका संस्थापक अध्यक्ष समेत हुनुहुन्छ । यसैगरी नेपाल धितोपत्र बोर्डको बोर्ड सदस्यमा २०६७ पुष २० गतेदेखि नेपाल राष्ट्र बैंकका तर्फबाट कार्यकारी निर्देशक लोकबहादुर खड्काले प्रतिनिधित्व गर्दै आउनु भएको छ । यस अघि २०६७ मंसीर ५ गतेदेखि नेपाल राष्ट्र बैंकका तर्फबाट कार्यकारी निर्देशक महाप्रसाद अधिकारीले प्रतिनिधित्व गर्दै आउनु भएको थियो । खड्का हाल नेपाल राष्ट्र बैंकका बैंक सुपरीवेक्षण विभागको कार्यकारी निर्देशक हुनुहुन्छ ।




नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा.शूरवीर पौड्याल पदाधिकारीहरुलाई सपथ गराउँदै ।

# स्टक ब्रोकरहरुको नामावली सिफारिस

नेपाल स्टक एक्सचेन्ज लि. ले थप दलाल व्यवसायी इजाजतको लागि सिफारिस छनौट विधिको विधि ९ अनुसार ३४ आवेदक कम्पनीहरुलाई नेपाल धितोपत्र बोर्ड समक्ष सिफारिस गरेको छ। नेपाल स्टक एक्सचेन्ज लि. ले दलाल व्यवसायी इजाजतको लागि सिफारिस छनौट विधि अनुसार परीक्षा लिई ३४ कम्पनी सिफारिस गरेको हो। धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डले यस सम्बन्धमा आवश्यक प्रकृया अगाडि बढाईसकेको छ।

नेपाल स्टक एक्सचेन्ज लि.बाट सिफारिस भई आएकाकम्पनीहरुलाई नेपाल धितोपत्र बोर्डले अनुमतिपत्रका लागि २०६७ माघ मसान्तसम्ममा बोर्ड समक्ष आवेदन गर्न सूचना प्रकाशित गरेपछि ३२ कम्पनी (कसमस सेक्युरिटिज् प्रा.लि.र बुल्स सेक्युरिटिज् प्रा.लि.वाहेक)हरुले अनुमतिपत्रका लागि आवेदन पेश गरेका छन् ।

## अनुमतिका लागि सिफारिस गरिएका कम्पनीहरु

| क्र.सं. | सिफारिस भएको कम्पनी | प्राप्तांक |
|---|---|---|
| १ | सेक्यूर्ड सेक्यूरिटिज लि. | ९४.०० |
| २ | कोहिनुर इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा.लि. | ९१.२५ |
| ३ | दिपशिखा धितोपत्र कारोवार कम्पनी प्रा.लि | ९०.७५ |
| ४ | ईम्पेरियल सेक्यूरिटिज कम्पनी प्रा.लि. | ९०.२५ |
| ५ | डाईनामिक मनि म्यानेजर सेक्यूरिटिज प्रा.लि | ९०.२५ |
| ६ | लिन्च स्टक मार्केट लि. | ८९.२५ |
| ७ | क्रिष्टल कन्चनजंघा सेक्यूरिटिज प्रा.लि. | ८९.२५ |
| ८ | स्वर्ण लक्ष्मी सेक्यूरिटिज प्रा.लि. | ८९.०० |
| ९ | त्रिशक्ती सेक्यूरिटिज पब्लिक.लि | ८९.०० |
| १० | क्रिएटिभ सेक्यूरिटिज प्रा.लि. | ८८.५० |
| ११ | कसमस सेक्यूरिटिज प्रा.लि | ८८.०० |
| १२ | दक्षिणकाली इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा.लि. | ८७.७५ |
| १३ | सुन्धारा सेक्यूरिटिज लि. | ८७.७५ |
| १४ | नासा सेक्यूरिटिज कम्पनी लि. | ८६.२५ |
| १५ | साउथ एसियन बुल्स प्रा.लि. | ८६.२५ |
| १६ | सुमेरु सेक्यूरिटिज प्रा.लि. | ८६.०० |
| १७ | श्रीहरी सेक्यूरिटिज प्रा.लि | ८६.०० |
| १८ | अनलाईन सेक्यूरिटिज प्रा.लि. | ८५.७५ |
| १९ | सानी सेक्यूरिटिज कम्पनी लि. | ८५.७५ |
| २० | बुल्स सेक्यूरिटिज प्रा.लि. | ८५.७५ |
| २१ | भिजन सेक्यूरिटिज प्रा.लि | ८५.७५ |
| २२ | इन्भेष्टमेन्ट म्यानेजमेन्ट प्रा.लि | ८५.७५ |
| २३ | कालिका सेक्यूरिटिज प्रा.लि. | ८५.५० |
| २४ | नीव सेक्यूरिटिज प्रा.लि | ८५.५० |
| २५ | सेवा सेक्यूरिटिज प्रा.लि | ८५.५० |
| २६ | अक्सफोर्ड सेक्यूरिटिज प्रा.लि. | ८५.२५ |
| २७ | भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रा.लि. | ८५.२५ |
| २८ | दिब्या सेक्यूरिटिज एण्ड स्टक हाउस प्रा.लि. | ८५.२५ |
| २९ | आर्यतारा इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा.लि. | ८५.०० |
| ३० | फोनेक्स इन्भेष्टमेन्ट एण्ड सेक्यूरिटिज प्रा.लि. | ८५.०० |
| ३१ | ट्रान्सपरेन्सी सेक्यूरिटिज प्रा.लि. | ८४.७५ |
| ३२ | युनिभर्सल सेक्यूरिटिज एण्ड कन्सल्टेन्सी प्रा.लि. | ८४.७५ |
| ३३ | सिद्धी सेक्यूरिटिज एण्ड इन्भेष्टमेन्ट प्रा.लि. | ८४.५० |
| ३४ | ब्लु मुन सेक्यूरिटिज प्रा.लि. | ८४.५० |

## नेपाल धितोपत्र बोर्डलाई कर छुट

आर्थिक अध्यादेश, २०६७ ले नेपाल धितोपत्र बोर्डलाई कर छुट हुने निकायमा समावेश गरेको छ। अध्यादेशको उक्त व्यवस्थापछि आयकर ऐनको भाग १० मा उपदफा ४ मा आयकर नलाग्ने निकायमा नेपाल धितोपत्र बोर्ड थप भएको छ। सो व्यवस्थाले नेपाल धितोपत्र बोर्डले गरेको कुनैपनि आम्दानीमा आयकर नलाग्ने गरेको हो।

## सम्पत्ती शुद्धीकरण सम्बन्धमा अन्तर्क्रिया

राजस्व प्रशासन तालिम केन्द्र र नेपाल धितोपत्र बोर्डको संयुक्त आयोजनामा सम्पत्ती शुद्धीकरण सम्बन्धमा मिति २०६७ मंसीर १० गते आधा दिने अर्न्तक्रिया कार्यक्रम आयोजना भयो। अर्थ मन्त्रालयका सचिव (राजस्व) कृष्णहरि बास्कोटाले अर्न्तक्रियामा सहभागी सबैलाई स्वागत गर्दै आफ्नो मन्तब्य राख्नु भएको उक्त कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले सहभागी सबैलाई सहभागिताको प्रमाणपत्र प्रदान गर्नुभएको थियो । नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., धितोपत्र दलाल तथा मर्चेन्ट बैंकरहरुको सहभागिता रहेको उक्त कार्यक्रममा ४८ जनाको सहभागिता रहेको थियो।

## एएनएनएसंग सहकार्य

नेपाल धितोपत्र बोर्डले जर्मनी स्थित एसोसियसन अफ नेशनल नम्बरिङ्ग एजेन्सी (ANNA) संगको सदस्यता प्राप्त गरेको छ। केन्द्रीय निक्षेप प्रणालीमा धितोपत्र कारोबार गर्न एएनएनएबाट इन्टरनेशनल सेक्युरिटिज् आइडेन्टिफिकेशन नम्बर (ISIN) प्राप्त गर्नुपर्छ। एएनएनएसंगको सहकार्यमा नेपाल धितोपत्र बोर्डले नेपालका धितोपत्रहरुलाई आईएसआईएन दिलाउने कार्य गर्ने भएको हो । एएनएनए सर्भिस ब्यूरो (ASB) ले विभिन्न देशका लागि फरक फरक आईएसआईएन कोडहरु निर्माण गरी वित्तीय औजार सम्बन्धी सूचनाहरु बजारमा प्रवाह गर्ने कार्य गर्दछ । यसबाट धितोपत्र बजारमा प्रत्येक धितोपत्रको परिचय कोड नम्बर प्राप्त भई विश्वभरिका बजारमा नेपाली धितोपत्रको कारोबार हुनसक्ने अवस्था हुनेछ।

# पुँजी बजार गुरुयोजना निर्माण सम्बन्धमा अन्तर्क्रिया




समय सापेक्ष रुपमा पुँजी बजारको प्रवर्द्धन तथा विकासको लागि नेपाल धितोपत्र बोर्डले पाँच बर्षीय पुँजी वजार गुरुयोजना तर्जुमा गर्न लागेको छ । विश्व बैंकको पुँजी बजार विज्ञ टोलीले बजार सम्बन्धमा अध्ययन गरी बोर्ड समक्ष बुझाएको बजार विश्लेषण प्रतिवेदनका सम्बन्धमा सम्बन्धित पक्षहरुसंग अन्तर्क्रिया गरी प्राप्त सुझावहरुलाई समेत योजनामा समावेश गर्ने उद्देश्यले नेपाल धितोपत्र बोर्डले मिति २०६७ माघ १२ गते एक अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । उक्त अन्तर्क्रियाको उद्घाटन गर्दै अर्थमन्त्री सुरेन्द्र पाण्डेले कम्पनीहरुले आफ्नो सूचना समयमा नै लगानीकर्तामाझ उपलब्ध गराउन सकेन भने लगानीकर्ता जोखिममा पर्ने बताउदै बजार स्थिरताका लागि पर्याप्त सूचना उपलब्ध गराउने काममा नेपाल धितोपत्र बोर्डले सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । सो अवसरमा मन्त्री पाण्डेले नियमन निकायहरुवीच समन्वयका लागि उच्चस्तरीय वित्तीय समन्वय समितिको गठन भएको जानकारी दिदै पुँजी बजारमा बैंक तथा वित्तीय संस्थाको वाहुल्यता रहेकाले नेपाल राष्ट्र बैंकको निर्देशनको असर पऱ्यो भन्ने गुनासो बढ्दै गएको बताउदै राष्ट्र बैंकले निर्देशन दिने वित्तीकै सेयर बजारमा किन संकट पर्छ भन्ने प्रश्न गर्दै कतिपय अवस्थामा नेपाल राष्ट्र बैंकले नियमन नगर्ने हो भने झनै ठुलो समस्या आउने धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर डा. युवराज खतिवडाले बजार अर्थतन्त्रमा बचतकर्ता र लगानीकर्तावीच मध्यस्थता हुन जरुरी रहेको बताउदै यो प्रक्रियामा पुँजी बजार एउटा राम्रो मध्यस्थकर्ता क्षेत्र हो जहाँ वचतकर्ताहरुले आफ्नो जोखिम ब्यबस्थापन गर्ने तथा लगानीकर्ताले नाफा र जोखिममा संयोजन गरेर नाफा अधिकतम् गर्न सक्छन् भन्ने धारणा राख्नु भयो । उक्त अवसरमा गभर्नर खतिवडाले बजारलाई नियमनकारी निकायको निर्देशन तथा तरलताको कारणबाट बिग्रन दिनु हुदैन भन्दै दुवै दृष्टिकोणमा नेपाल राष्ट्र बैंक सचेत रहेको जानकारी दिनुभयो ।

सभापतिको आसनबाट नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले पुँजी बजारलाई थप व्यवस्थित र मर्यादित बनाउन नेपाल धितोपत्र बोर्डले विभिन्न नियमावलीहरु लागू गर्नुका साथै निर्देशिकाहरु जारी गरेको बताउदै उक्त प्रक्रियामा बोर्डले अधिकांश सरोकारवालाको सहभागिता खोजेको जानकारी दिनुभयो । पुँजी बजारको मुख्य समस्या वास्तविक क्षेत्रका कम्पनीहरु बजारमा आउन नसक्नु हो भन्दै अध्यक्ष डा. पौड्यालले वास्तविक क्षेत्रका कम्पनीहरु थोरै मात्र छन् र भएका पनि पुँजी बजारमा आएका छैनन् भन्दै बैंक तथा वित्तीय संस्थाहरुले अल्पकालमा मात्र पुँजी बजार धान्न सक्ने बताउनु भयो । योजना तथा विकास विभागका प्रमुख डा. नबराज अधिकारीले स्वागत मन्तब्य राख्दै पुँजी बजारको पाँच बर्षे गुरुयोजना निर्माण परियोजनाका सम्बन्धमा प्रस्तुती गर्नुभएको थियो । उक्त कार्यक्रममा वीमा समितिका अध्यक्ष प्रा.डा. फत्तवहादुर केसीले समेत आफ्नो मन्तब्य राख्नु भएको थियो ।

अर्न्तक्रिया कार्यक्रममा तर्जुमा गर्न लागिएको पुँजी बजारको पाँच बर्षे गुरुयोजनाका सम्बन्धमा अर्न्तराष्ट्रिय पुँजी बजार विज्ञ रिचार्ड प्राट तथा भारतीय धितोपत्र बजार र उक्त बजारबाट नेपालले हासिल गर्न सक्ने शिक्षाका सम्बन्धमा सेक्युरिटिज् एन्ड एक्सचेन्ज कमिशन अफ इन्डियाका विज्ञ मनिन्दर चिमाले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सायमका डीन प्रा.डा. विजय केसीले पाँच वर्षे गुरुयोजना सम्बन्धमा प्रस्तुत कार्यपत्र माथि टिप्पणी गर्नुभएको थियो भने नेपाल धितोपत्र बोर्डका पूर्व अध्यक्ष दीपकराज काफ्लेले भारतीय पुँजी बजार र नेपालले हासिल गर्न सक्ने शिक्षाका सम्बन्धमा टिप्पणी गर्नुभएको थियो । उक्त कार्यक्रममा नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, वीमा समिति, नेपाल स्टक एक्सचेन्ज लि., नेपाल उद्योग वाणिज्य महासंघ लगायतका निकायका प्रतिनिधि एवं धितोपत्र दलाल व्यवसायी, मर्चेन्ट बैंकर, सूचीकृत कम्पनी, विश्वविद्यालयका प्राध्यापकहरुको सहभागिता रहेको थियो ।

# आर्थिक पत्रकारहरुलाई अर्थतन्त्र तथा धितोपत्र बजार सम्बन्धी प्रशिक्षण

आर्थिक क्षेत्रमा कार्यरत पत्रकारहरुलाई धितोपत्र बजारका आधारभुत पक्षहरुका सम्बन्धमा आवश्यक प्रशिक्षण दिई सञ्चार माध्यमबाट प्रवाहित हुने पुँजी बजार तथा अर्थतन्त्र सम्बन्धी जानकारी एवं समाचारलाई सत्य तथ्ययुक्त एवं विश्लेषणात्मक बनाउन समेत सर्वसाधारण लगानीकर्ताहरुको लगानी सम्बन्धी सचेतता अभिवृद्धि गर्न नेपाल धितोपत्र बोर्ड तथा नेपाल आर्थिक पत्रकार समाज (सेजन)को संयुक्त आयोजनामा मिति २०६७ पुष २७ गतेदेखि Training on economy and stock market for economic journalists विषयक दुई हप्ते प्रशिक्षण कार्यक्रम आयोजना गरियो । विभिन्न सञ्चार माध्यमहरुमा कार्यरत ३३ जना आर्थिक पत्रकारहरु संलग्न उक्त प्रशिक्षणमा राष्ट्रिय योजना आयोगका सदस्य प्रा.डा. पुष्कर बज्राचार्य, अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार केशवप्रसाद आचार्य, नेपाल राष्ट्र बैंकका पूर्व का.मु. गभर्नर कृष्णवहादुर मानन्धर, नेपाल धितोपत्र बोर्डका पूर्व अध्यक्ष दीपकराज काफ्ले, वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट्स जगदीश अग्रवाल, नेपाल धितोपत्र बोर्डका निर्देशक निरज गिरी तथा परिष्टनाथ पौड्याल, बोर्डका उपनिर्देशक डा. नबराज अधिकारी तथा मेखबहादुर थापा एवं वरिष्ठ पत्रकार अच्यूत वाग्ले तथा प्रेम खनालले प्रशिक्षण दिनुभएको थियो ।




उक्त प्रशिक्षणमा सहभागी पत्रकारहरुलाई नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले सहभागिताको प्रमाणपत्र प्रदान गर्नुभएको थियो । प्रमाणपत्र वितरणका क्रममा अध्यक्ष डा. पौड्यालले प्रशिक्षणमा सिकेको ज्ञानका आधारमा समाचार संप्रेषण हुन सक्यो भने यसले धितोपत्र बजार विकासमा योगदान पुग्ने बताउनु भयो ।

## वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समिति

वित्तीय क्षेत्रमा देखिएका समस्याहरुको यथोचित समाधान एवं आवश्यक समन्वयका लागि नेपाल सरकारले अर्थ मन्त्रीको संयोजकत्वमा वित्तीय क्षेत्र उच्चस्तरीय समन्वय समिति गठन गरेको छ। उक्त समितिका सदस्यहरुमा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा, नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्याल, वीमा समितिका अध्यक्ष प्रा. डा. फत्तवहादुर केसी, अर्थ मन्त्रालयका सचिव रामेश्वरप्रसाद खनाल, अर्थ मन्त्रालयका सचिव (राजस्व) कृष्णहरि बास्कोटा, प्रधानमन्त्री कार्यालयका सचिव लीलामणि पौड्याल र नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर महाप्रसाद अधिकारी हुनुहुन्छ भने अर्थ मन्त्रालयका आर्थिक कार्यक्रम तथा नीति विश्लेषण महाशाखाका सहसचिव महेन्द्रमान गुरुङ्ग सदस्य सचिव रहनु भएको छ।

## वार्षिक प्रतिवेदन सार्वजनिक

नेपाल धितोपत्र बोर्डले आर्थिक वर्ष २०६६।६७ मा धितोपत्र बजारमा भएका गतिविधि एवं बोर्डले गरेका काम कारवाहीहरुलाई समेटेर तयार गरेको वार्षिक प्रतिवेदन, २०६६।६७ मिति २०६७ मंसीर १३ गते सार्वजनिक




गऱ्यो। सञ्चार माध्यमका आर्थिक पत्रकारहरु माझ नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले सार्वजनिक गर्नुभएको उक्त बार्षिक प्रतिवेदन एवं धितोपत्र बजारमा भएका गतिविधि एवं बोर्डले सम्पादन गरेका क्रियाकलापहरुका सम्बन्धमा योजना तथा विकास विभाग प्रमुख डा. नबराज अधिकारीले प्रस्तुती गर्नुभएको थियो।

## लगानीकर्ता प्रशिक्षण कार्यक्रम



लगानीकर्ता प्रशिक्षण कार्यक्रममा सहभागी साधारण लगानीकर्ताहरु।

नेपाल धितोपत्र बोर्डले सर्वसाधारण लगानीकर्ताहरुको लागि चौथो चरणको लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गऱ्यो। २०६७ मंसीर ५ गते देखि साप्ताहिक रुपमा सञ्चालित उक्त प्रशिक्षण कार्यक्रममा नेपाल धितोपत्र बोर्डका निर्देशक द्वय निरज गिरी र परिष्टनाथ पौड्याल, उपनिर्देशकहरु डा. नबराज अधिकारी, विनयदेव आचार्य, मुक्तिनाथ श्रेष्ठ, ध्रुव तिमिल्सिना, मेखबहादुर थापा तथा नेपाल स्टक एक्सचेन्ज लि. का उपमहानिर्देशक प्रमोदकुमार भट्टराईले धितोपत्र बजारका विविध पक्षहरुमा प्रशिक्षण दिनुभएको थियो। विभिन्न तीन समुहका ८३ जना सर्वसाधारण लगानीकर्ताहरुको सहभागिता रहेको उक्त प्रशिक्षणमा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले सहभागिताको प्रमाणपत्र वितरण गर्नुहुदै प्रशिक्षणमा सिकेको शिपबाट आफ्नो लगानी सम्बन्धी उपयुक्त निर्णय गरी प्रयोग गरेर प्रतिफल प्राप्त गर्न सक्नुहोस भन्ने शुभकामना दिनु भएको थियो।

## म्युचुअल फन्ड नियमावली, २०६७ लागू

नेपाल धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ प्रयोग गर्दै सामुहिक लगानी कोष नियमावली, २०६७ मिति २०६७ असोज ११ गतेदेखि लागू गरेको छ। सामुहिक लगानी कोष नियमावली, २०६७ मा सामुहिक लगानी कोष दर्ता र सञ्चालन सम्बन्धी व्यवस्था, अनुमतिपत्र सम्बन्धी व्यवस्था, कोष सुपरिवेक्षक, योजना व्यवस्थापक र डिपोजिटरीको काम, कर्तव्य तथा अधिकार, सम्झौता सम्बन्धी व्यवस्था, योजना दर्ता तथा सञ्चालन सम्बन्धी व्यवस्था, योजना खारेजी सम्बन्धी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था, वित्तीय विवरण, लेखा परीक्षण तथा जानकारी प्रवाह सम्बन्धी लगायतका व्यवस्थाहरु रहेका छन्। नेपालको धितोपत्र बजारमा अधिकांश व्यक्तिगत लगानीकर्ताहरु मात्र रहेकोमा उक्त नियमावली लागू भएपछि नेपालमा समेत आधुनिक प्रकृतिको सामुहिक लगानी कोषहरु स्थापना गर्न सहयोग पुग्ने भएको छ।

## धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ लागू

नेपाल धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ प्रयोग गर्दै धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मिति २०६७ असोज २० गतेदेखि लागू गरेको छ। धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ मा केन्द्रीय निक्षेप सेवा सञ्चालन अनुमति सम्बन्धी व्यवस्था, केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्यको काम, कर्तव्य तथा अधिकार, पुँजी, स्वामित्व र योग्यता सम्बन्धी व्यवस्था, निक्षेप सदस्य सम्बन्धी व्यवस्था, धितोपत्रको निक्षेप सम्बन्धी व्यवस्था, वित्तीय विवरण, लेखापरीक्षण तथा विवरण प्रवाह सम्बन्धी लगायतका व्यवस्थाहरु रहेका छन्। उक्त नियमावली लागू भएपछि नेपालमा समेत धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्न बाटो खुला भएको छ।

## लगानी व्यवस्थापन निर्देशिका, २०६७ लागू

नेपाल धितोपत्र बोर्डले धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को व्यवस्था अनुसार अनुमतिपत्र प्राप्त लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर) हरुको सेवालाई थप व्यवस्थित गर्न मिति २०६७ मंसीर २० गते लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७ जारी गरेको छ । जारी उक्त निर्देशिकामा लगानी व्यवस्थापकको काम, कर्तब्य र अधिकार, ग्राहक खाता, करार तथा लगानी सम्बन्धी व्यवस्था, लगानी व्यवस्थापकको आचार संहिता, लेखा, अभिलेख, जानकारी तथा विवरण प्रवाह सम्बन्धी व्यवस्था, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था, गैर आवासीय नेपालीलाई ग्राहक सुविधा प्रदान गर्न सक्ने लगायतका व्यवस्थाहरु रहेका छन् ।

## पूर्वाधार तयार गर्न सूचित

नेपाल धितोपत्र बोर्डले कालिका सेक्युरिटिज् प्रा.लि. र क्रियटिभ सेक्युरिटिज् प्रा.लि. लाई धितोपत्र दलाल व्यवसायीको कार्य गर्न आवश्यक पूर्वाधार तयारीका लागि पत्राचार गरेको छ । धितोपत्र व्यवसायी (धितोपत्र दलाल, व्यापारी र बजार निर्माता) नियमावली, २०६४ को व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लि. बाट सिफारिश प्राप्त कम्पनीहरुले धितोपत्र व्यवसाय सञ्चालनका लागि नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्नु पर्छ । आवश्यक विवरण तथा कागजातहरु पेश गरिसकेपछि सम्बन्धित कम्पनीहरुलाई बोर्डले आवश्यक पूर्वाधार तयार गर्न सूचित गर्ने र यसरी बोर्डबाट पूर्वाधार तयार गर्न जानकारी प्राप्त भएको मितिले ६ महिनाभित्रमा त्यस्ता कम्पनीहरुले कार्यालय पूर्वाधार तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरिसक्नु पर्ने व्यवस्था रहेको छ ।

## धितोपत्र शिक्षा सम्बन्धी कार्यक्रम

नेपाल धितोपत्र बोर्ड, पब्लिक युथ क्याम्पस तथा पब्लिक युथ क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको संयुक्त आयोजनामा धितोपत्र शिक्षा सम्बन्धमा २०६७ माघ १५ गतेदेखि दुई दिने प्रशिक्षण कार्यक्रम सञ्चालन भयो । नेपाल धितोपत्र बोर्डका उपनिर्देशक डा. नबराज अधिकारीले नेपालको सेयर बजार र सेयरको प्राथमिक निष्काशनका सम्बन्धमा प्रशिक्षण दिनु भएको उक्त कार्यक्रम पब्लिक युथ क्याम्पसमा स्नातक तथा स्नातकोत्तर तहमा अध्ययनरत करिव पाँच सय विद्यार्थीहरु सहभागी थिए ।

## पुँजी बजार गुरुयोजना निर्माण सम्बन्धमा भिडियो कन्फरेन्स

नेपाल धितोपत्र बोर्डका अधिकारीहरुले पुँजी बजार गुरुयोजना सम्बन्धमा मलेशियाका विज्ञहरुसंग भिडियो कम्फरेन्स मार्फत अर्न्तक्रिया गर्नु भएको छ । मलेशियाको पुँजी बजार सम्बन्धी गुरुयोजनाका सम्बन्धमा मलेशियाको नियमन निकाय 'सेक्युरिटिज् कमिशन मलेशिया' का प्रवन्ध निर्देशक डा. रन्जित अजित सिंहसंग नेपाल धितोपत्र बोर्डका तर्फबाट बोर्ड सदस्य सुदर्शनराज पाण्डे, योजना तथा विकास विभागका प्रमुख डा. नबराज अधिकारी, निर्देशक निरज गिरी, वित्तीय विश्लेषण विभागका प्रमुख मेखवहादुर थापाले अर्न्तक्रिया गर्नुभएको थियो ।

पुँजी बजार विकासका लागि नेपाल धितोपत्र बोर्डले पाँच बर्षे पुँजी बजार गुरुयोजना तर्जुमा कार्य शुरु गरेको सर्न्दभमा सम्बन्धित सरोकारवालाहरुबाट राय सुझावहरु लिइरहेको छ । सोही क्रममा नेपाल धितोपत्र बोर्डले पुँजी बजार सम्बन्धी गुरुयोजना सञ्चालनको अनुभव प्राप्तिका लागि भिडियो कम्फरेन्सका माध्यमबाट उक्त अर्न्तक्रिया आयोजना गरिएको हो । मलेशियासंग दश वर्षीय पुँजी बजार गुरुयोजनाले गरेको सिफारिशहरु मध्ये ९५ प्रतिशत सिफारिशहरु निर्धारित समयमा सफलतापूर्वक कार्यान्वयन गरेको अनुभव रहेको छ ।

## पाइप लाइनमा निष्काशन

२०६७ माघ मसान्तसम्ममा सार्वजनिक निष्काशनका लागि नेपाल धितोपत्र बोर्डमा रु. ६ अर्ब ४७ करोड ६२ लाख ९० हजार बराबरको धितोपत्रको निष्काशनका लागि आवेदन परेको छ । २ वाणिज्य बैंक ११ विकास बैंक, १४ वित्त कम्पनी, २ अन्य समुह र १ जलविद्युत कम्पनी गरी कूल ४४ संगठित संस्थाहरुले धितोपत्रको सार्वजनिक निष्काशन गर्न पाउँ भनि बोर्ड समक्ष निवेदन दिएका छन् । यस मध्ये साधारण सेयरको सार्वजनिक निष्काशनका लागि रु. १९ करोड ८२ लाख तथा हकप्रद सेयर निष्काशनका लागि रु. ५ अर्ब ९७ करोड ८० लाख तथा ऋणपत्र निष्काशनका लागि ३० करोड मुल्य बराबरको आवेदन परेको छ ।

### साधारण सेयर

रु. दश लाखमा

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित निष्काशन रकम |
|---|---|---|---|
| १ | मुक्तिनाथ विकास बैंक लि. | विकास बैंक | १४.०० |
| २ | नेपाल औद्योगिक विकास निगम | विकास बैंक | १८४.१७ |
| ३ | कर्पोरेट डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ६०.०० |
| ४ | सांग्रिला डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ९६.०० |
| ५ | इन्भेष्टा फाइनान्स कम्पनी लि. | वित्त कम्पनी | १६.०० |
| ६ | मर्केन्टाइल फाइनान्स कम्पनी लि. | वित्त कम्पनी | १८.०० |
| ७ | सिटी होम्स लि. | अन्य | ४५.०० |
| ८ | राजधानी इन्भेष्टमेन्ट फन्ड लि. | अन्य | १२३.२० |
| | जम्मा | | १९८.२० |

### हकप्रद सेयर

रु. दश लाखमा

| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित निष्काशन रकम |
|---|---|---|---|
| १ | सनराइज बैंक लि. | बाणिज्य बैंक | ३९०.०० |
| २ | गोर्खा डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ३३२.१८ |
| ३ | डिप्रोक्स डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ४२.४५ |
| ४ | पब्लिक डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ६०.०० |
| ५ | विराटलक्ष्मी विकास बैंक लि. | विकास बैंक | ९०.७५ |
| ६ | पाथीभरा विकास बैंक लि. | विकास बैंक | ५०.०० |
| ७ | नारायणी डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ४३.७४ |
| ८ | काष्ठमन्डप डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ३२०.०० |
| ९ | सिद्धार्थ फाइनान्स लि. | वित्त कम्पनी | ५२.२६ |
| १० | आइएमई फिनान्सियल इन्स्टीच्यूशन लि. | वित्त कम्पनी | ८९९.६७ |
| ११ | स्ट्यान्डर्ड फाइनान्स लि. | वित्त कम्पनी | १००१.८८ |
| १२ | गुडविल फाइनान्स लि. | वित्त कम्पनी | ३५३.६५ |
| १३ | कास्की फाइनान्स लि. | वित्त कम्पनी | ६०.०० |
| १४ | क्यापिटल मर्चेन्ट बैंकिङ्ग एन्ड फाइनान्स लि. | वित्त कम्पनी | १०८४.९३ |
| १५ | वर्ल्ड मर्चेन्ट बैंकिङ्ग एन्ड फाइनान्स लि. | वित्त कम्पनी | २३८.५२ |
| १६ | एभरेष्ट फाइनान्स लि. | वित्त कम्पनी | ६०.०० |
| १७ | प्रिमियर फिनान्स कम्पनी लि. | वित्त कम्पनी | ५२.४६ |
| १८ | कुबेर मर्चेन्ट फाइनान्स लि. | वित्त कम्पनी | १५०.०० |
| १९ | नेपाल एक्सप्रेस फाइनान्स लि. | वित्त कम्पनी | १५.६० |
| २० | भाजुरत्न फाइनान्स एन्ड सेभिङ्ग कम्पनी लि. | वित्त कम्पनी | ६१.६० |
| २१ | बुटवल पावर कम्पनी लि. | जलविद्युत | ६१८.३८ |
| | जम्मा | | ५९७८.०९ |


### ऋणपत्र निष्काशन

रु. दशलाखमा


| क्र.सं. | कम्पनी | क्षेत्र | प्रस्तावित निष्काशन रकम |
|---|---|---|---|
| १ | नेपाल इन्भेष्टमेन्ट बैंक लि. | वाणिज्य बैंक | ३००.०० |
| | जम्मा | | ३००.०० |


## धितोपत्र निष्काशन

नेपाल धितोपत्र बोर्डले २०६७ पुष मसान्तसम्ममा रु. ४ अर्ब ३ करोड ३७ लाख ५३ हजार बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति प्रदान गरेको छ। सो निष्काशन अनुमति प्रदान गरिएको रकम मध्ये रु. ५८ करोड बराबरको साधारण सेयर र रु. ३ अर्ब ४५ करोड ३७ लाख बराबरको हकप्रद सेयर रहेको छ।





२०६७ पुष मसान्तसम्ममा कुल धितोपत्र सार्वजनिक निष्काशन अनुमति मध्ये ५ विकास बैंकहरुको रु. २९ करोड २० लाख, २ वित्त कम्पनीहरुको रु. ८ करोड ४० लाख, १ वीमा कम्पनीको रु. १० करोड ८० लाख र १ जलविद्युत कम्पनीको रु. ९ करोड ६० बराबरको साधारण सेयर निष्काशन अनुमति प्रदान भएको छ भने ३ वाणिज्य बैंकको १ अर्ब २८ करोड ३२ लाख, ६ विकास बैंकको रु. १ अर्ब ७० करोड २१ लाख, ९ वित्त कम्पनीको रु. ७९ करोड ४४ लाख र एक वीमा कम्पनीको ५ करोड बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको छ।





## धितोपत्रको दोस्रो बजार

२०६७ पुष मसान्तमा धितोपत्रको दोश्रो बजार कारोबारको कुल बजार पुँजीकरण मूल्य रु. तीन खर्ब ४९ अर्ब २८ करोड ३३ लाख रहेको छ। २०६७ श्रावण मसान्तमा सो मूल्य रु. ३ खर्ब ६० अर्ब २७ करोड ५४ लाख रहेकोमा २०६७ भाद्र महिनामा बजार पुँजीकरण रु. ३ खर्ब ३० अर्ब ६१ करोड ३३ लाखमा झरेको थियो जुन यस आर्थिक वर्षको सवैभन्दा न्यूनतम् बजार पुँजीकरण मूल्य हो। चालु आर्थिक वर्षको कार्तिक मसान्तमा सो मूल्य रु. ३ खर्ब ६१ अर्ब ६९ करोड ३६ लाख रहेको थियो। धितोपत्र कारोबारको औषत मूल्य देखाउन प्रयोग गरिने NEPSE परीसूचक २०६७ श्रावण मसान्तमा ४५३.७ विन्दूमा रहेकोमा यो क्रमश कम हुदै मंसीर मसान्तमा ३९४.१७ विन्दुमा झरेको छ। २०६७ पुष मसान्तमा यो परीसूचक ४०२.७५ विन्दुमा पुगेको छ। २०६७ पुष मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्ज लि. मा धितोपत्र कारोबारका लागि सूचीकृत हुने संगठित संस्थाहरुको संख्या १९५ पुगेको छ।




### विवरण प्रवाह

धितोपत्र सम्बन्धी ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम २०६७ पुष मसान्तसम्ममा देहायको संख्याका सूचीकृत संगठित संस्थाहरुले नेपाल धितोपत्र बोर्ड समक्ष वार्षिक विवरण बुझाएका छन्।

| क्र. सं. | समूह | समूहगत संगठित संस्थाहरुको संख्या | तोकिएको समयमा विवरण बुझाउने | तोकिएको समयभन्दा ढिलो विवरण बुझाउने | विवरण नबुझाउने संस्था |
|---|---|---|---|---|---|
| १ | वाणिज्य बैंक | २४ | १६ | ६ | २ |
| २ | विकास बैंक | ५० | १३ | १२ | १३ |
| ३ | वित्त कम्पनी | ६९ | १९ | २९ | १३ |
| ४ | वीमा कम्पनी | २० | ५ | ३ | ९ |
| ५ | जलविद्युत | ४ | २ | | २ |

| क्र. सं. | समूह | समूहगत संगठित संस्थाहरुको संख्या | तोकिएको समयमा विवरण बुझाउने | तोकिएको समयभन्दा ढिलो विवरण बुझाउने | विवरण नबुझाउने संस्था |
|---|---|---|---|---|---|
| ६ | उत्पादन तथा प्रशोधन | १८ | १ | ५ | ८ |
| ७ | व्यापार | ४ | | २ | २ |
| ८ | होटल | ४ | २ | १ | १ |
| ९ | अन्य | २ | | १ | १ |
| | कुल जम्मा | १९५ | | | |

# बोर्डको अठारौं बार्षिकोत्सवमा ब्यक्त अध्यक्ष डा. शूरवीर पौड्यालको मन्तब्य

वि. सं. २०५० साल जेष्ठ २५ गते पुँजीबजारको नियमन निकायको रुपमा स्थापना भएपछि विभिन्न आरोह र अवरोहहरु पार गर्दै आजदेखि नेपाल धितोपत्र बोर्ड अठारौं वर्षमा प्रवेश गर्दैछ। बोर्ड स्थापनापछिका प्रारम्भिक काल कति चुनौतिपूर्ण भए होलान् आज पनि सहजै अनुमान गर्न सकिन्छ। सूचिकृत कम्पनी र धितोपत्र व्यवसायी धितोपत्र बोर्डको नियमन दायराभन्दा बाहिर भएको अवस्थामा बजारका लागि आवश्यक नियमन व्यवस्था तयार गर्न तथा बजारमा सुधार ल्याउन त्यस बखत बोर्डले सह्रानीय काम गरेको हो भन्ने मलाई लाग्छ।

बोर्डका प्रथम अध्यक्षको दुई कार्यकाल र दोस्रो अध्यक्षको एक कार्यकालमा धितोपत्र बजारलाई व्यवस्थित गर्न आवश्यक पर्ने ऐन नियमहरुको तर्जुमा नै बढी केन्द्रीत भएको देखिन्छ। तेस्रो अध्यक्षले बीचमै राजीनामा दिएर हिड्नुपर्ने अवस्था आफैमा अस्थिर राजनीतिको उपज थियो। गत एक वर्षको मेरो कार्यकालका करिब सात महिनाहरु सहज र सरल रहेनन् र त्यो अवधि अनेक उतार चढावपूर्ण रह्यो। जेहोस् अनेक प्रतिकुलता र अनुकुलताबीचमा पनि गत एक वर्षको अवधिमा बोर्डबाट उल्लेखनीय काम कारवाहीहरु भएका छन्।

## संस्थागत सुधार तथा बिकास

- हालको बजारको आवश्यकताअनुसार बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्नु अति नै आवश्यक भएको परिप्रेक्ष्यमा बोर्डको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धमा अन्तर्राष्ट्रिय विज्ञको सल्लाह लिनका लागि अर्थमन्त्रालय तथा भारतीय दुतावासमार्फत पहल गरिएकोमा भारतको धितोपत्र बजार नियमन निकाय SEBI बाट Team of Experts आई आवश्यक अध्ययन भैसकेको छ।
- यस वर्ष नेपाल सरकारबाट नेपाल धितोपत्र बोर्डको कार्यालय भवन निर्माणका लागि सात दोवाटो, ललितपुरमा ५० वर्षका लागि लिजमा जग्गा प्रदान गरिएको छ र उक्त जग्गामा कार्यालय भवन निर्माण गर्ने सम्बन्धमा बोर्डबाट निर्णय भैसकेको छ।
- नेपाल सरकारको नियमानुसार बोर्डमा समेत आवश्यक आर्थिक अनुशासन कायम गराउननेपाल धितोपत्र बोर्ड खरिद सम्बन्धी नियमावली, २०६६ तथा नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६ निर्माण गरी मिति २०६६।०६।०१ देखि लागू गरिएको छ। साथै यस आर्थिक वर्षदेखि बोर्डको लेखा प्रणालीलाई पूर्णरुपमा computerized गरिएको छ।
- बोर्डमा कर्मचारी सेवा शर्तसम्बन्धी व्यवस्थाहरुलाई आकर्षक गराई दक्ष जनशक्तिको प्रवेश तथा स्थिरताका लागि आवश्यक व्यवस्थाहरु समावेश गरी नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६७को मस्यौदा तयार भैसकेको छ।
- नेपाल धितोपत्र बोर्डको संस्थागत सुधार तथा क्षमता अभिबृद्धिका लागि बोर्डको विद्यमान संगठन, जनशक्ति, व्यवस्थापन कार्य प्रणालीलगायतमा विषयहरुमा आवश्यक अध्ययन गरी सुझाव पेश गर्न बोर्ड सदस्यको संयोजकत्वमा एकसंस्थागत सुधार समिति गठन भई कार्यरत रहेको छ।
- बोर्डको वित्तिय प्रशासन तथा सूचना विश्लेषण सम्बन्धी काम कारवाहीलाई चुस्त दुरुस्त गराउन पनि बोर्ड सदस्यस्तरको एक वित्तीय प्रशासन तथा सूचना विश्लेषण समिति गठन भई कार्यरत रहेको छ।
- नेपाल धितोपत्र बोर्डका लागि आवश्यक जनशक्ति व्यवस्था गर्ने क्रममा अधिकृत तृतीयस्तरका लागि विज्ञ सदस्यहरुको सहयोगमानयाँ पाठ्यक्रम बिकास गरिएको छ।
- बोर्डको आन्तरिक सुशासनका लागि यस वर्ष अध्यक्षको संयोजकत्वमा एकसुशासन एकाई गठन गरिएकोमा उक्त समितिले कार्य अगाडि बढाइसकेको छ।

## नियमन व्यवस्था बिकास

- आर्थिक वर्ष ०६६।०६७ को नेपाल सरकारको बजेट कार्यक्रममा समेत समावेश भएको र धितोपत्र बजार बिकासका लागि मेरुदण्डकै रुपमा रहेको धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली विकास गर्ने कार्यमा आवश्यक सहयोग पुऱ्याउनुका साथै धितोपत्रको केन्द्रीय निक्षेप सेवा सम्बन्धी नियमावली, २०६६को मस्यौदा समेत तयार गरिसकिएको छ।
- धितोपत्र बजारको चौडाई तथा गहिराई बढाउनुका साथै सर्वसाधारण लगानीकर्ताहरुको लगानी दक्ष रुपमा व्यवस्थापन गरिदिन अति नै आवश्यक सामूहिक लगानी कोषको स्थापनाका लागि छुट्टै ऐनको मस्यौदा तयार भई विधायन प्रकृयामा रहेको छ। सामूहिक लगानी कोष ऐन लागू भइनसकेको हालको परिप्रेक्ष्यमा धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतसामूहिक लगानी कोष सम्बन्धी नियमावली, २०६७ को मस्यौदा तयार गरिएकोमा उक्त मस्यौदामा हाल बोर्ड सदस्यस्तरको समितिबाट थप परिमार्जनको कार्य भैरहेको छ।
- विगतमा बैंक वित्तीय संस्थाले बैकिङ्ग व्यवसायका साथै मर्चेण्ट बैंकिङ्ग व्यवसाय समेत गर्दै आएकोमा यस वर्षदेखि एउटै कम्पनीले दुईवटा व्यवसाय गर्न नपाउने व्यवस्था गर्न बोर्डबाट अनुरोध भएकोमा नेपाल सरकार अर्थमन्त्रालयको सहयोगमा नेपाल राजपत्रमा सूचना प्रकाशन भई सोही अनुसारको व्यवस्था लागू भैसकेको छ र हाल बैंक वित्तिय संस्थाहरुसहायक कम्पनी खोल्ने प्रकृयामा रहेका छन्। अब बैकिङ्ग व्यवसायको नियमन नेपाल राष्ट्र बैंकबाट र मर्चेण्ट बैंकिङ्ग व्यवसायको नियमन नेपाल धितोपत्र बोर्डबाट हुने स्पष्ट व्यवस्था लागूभएको छ।
- धितोपत्रको प्रत्याभूति तथा पोर्टफोलियो व्यवस्थापन सम्बन्धी काम कारवाहीहरुलाई नियमित र व्यवस्थित गर्न धितोपत्र प्रत्याभूति निर्देशिका, २०६७तथा पोर्टफोलियो व्यवस्थापनसम्बन्धी निर्देशिका, २०६७ को समेत मस्यौदा तयार भई थप परिमार्जनको अवस्थामा रहेको छ।
- यस्तै तत्कालिन धितोपत्र कारोवार ऐन, २०४० अन्तर्गत जारी गरिएको बोनश शेयर निर्देशिकालाई खारेज गरी धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत नयाँ बोनश शेयर निष्काशन निर्देशिका २०६७लागू गर्ने प्रकृयामा रहेको छ।
- नेपालमा क्रेडिट रेटिङ्ग व्यवस्थाको बिकासलाई प्रोत्साहित गर्न क्रेडिट रेटिङ्ग सम्बन्धी नियमावली, २०६७ को प्रारम्भिक मस्यौदा तयार गरिएको छ।
- बोर्डले धितोपत्र बजारमार्फत हक कारोवार गर्ने सक्ने व्यवस्था गरेमा सोअनुसार नै हक हस्तान्तरण गर्नुपर्ने गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ मा संशोधन गरिएको छ।

## सुपरीवेक्षण तथा कानुन प्रवलीकरण

- धितोपत्र कारोवारमा हुन सक्ने अनियमितता सम्बन्धमा बोर्डले आफ्नो कार्यालयमा Online Supervision System स्थापना गरी नियमित रुपमा अनुगमन गर्दै आएको छ।
- धितोपत्र लगानीकर्ताहरुको गुनासाहरु समयमा नै समाधान गर्न तथा धितोपत्र बजार सहभागीहरुको ऐननियमको पालनाको स्थितिको अनुगमन गर्न यस वर्ष बोर्डमा एक बोर्ड

निर्देशकको संयोजकत्वमा अनुसन्धान समिति (Investigation Committee) गठन गरिएकोमा उक्त समितिले सक्रिय रुपमा कार्य गर्दै आएको छ।

- यस्तै धितोपत्र सम्बन्धी ऐननियमहरुको पालना नभएको अवस्थामा गर्नुपर्ने कानुनी कारवाही सम्बन्धमा बोर्डलाई सघाउ पुऱ्याउन यसै वर्ष बोर्ड सदस्यको संयोजकत्वमा एक कानुन तथा प्रवलीकरण समिति (Legal and Enforcement Committee) समेत गठन गरिएकोमा उक्त समितिले समेत सक्रिय रुपमा कार्य शुरु गरिसकेको छ।
- धितोपत्र दलाल कम्पनीको उपत्यकाबाहिरको काम कारवाही अवलोकन गर्न सीमित स्थानमा बोर्डका अधिकारीबाट स्थलगत सुपरीवेक्षण भएको थियो।
- नियमअनुसार धितोपत्र बजार, धितोपत्र व्यवसायीहरु, कम्पनीहरु आदिले बुझाउनुपर्ने विवरणबारेमा अद्यावधि सूचना बोर्डको वेभसाइटमा राखी सर्वसाधारणलाई सुचना प्रवाहित गरिदैआएको छ।

## धितोपत्र बजारको विकास तथा सुधार

- नेपाल धितोपत्र बजारको विद्यमान अवस्थाको विश्लेषण गरी धितोपत्र बजारको योजनाबद्ध रुपमा बिकास गर्ने कार्यमा आवश्यक सहयोग गरिदिन World Bank सँग अनुरोध पत्राचार भई पञ्च वर्षीय पूंजीबजार विकास गुरुयोजना (Five Year Capital Market Development Master Plan) विकास गर्नका लागि आवश्यक प्रकृया अगाडि बढिसकेको छ।
- अन्तर्राष्ट्रिय विकास संस्था (IDA) को अनुदान सहयोगमा बोर्डमा सञ्चालित धितोपत्र तथ्यांक व्यवस्था पद्धति परियोजना (Securities Data Management System of Nepal or SDMSN) को कार्य सम्पन्न भएको छ। उक्त परियोजनाको कार्यान्वयन उत्कृष्ट भई देशको आर्थिक तथा शासकीय सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएकोमा राष्ट्रिय योजना आयोगबाट प्रशंसापत्र प्राप्त गरेको छ।
- धितोपत्र तथ्यांक व्यवस्था पद्धति परियोजनाको कार्यान्वयनबाट सूचीकृत कम्पनी तथा धितोपत्र व्यवसायीहरुले अनलाइन (on line) रुपमा विवरणहरु प्रवाह गर्न सक्ने व्यवस्था भएको छ। यसबाहेक यसबाट धितोपत्र बोर्डको आन्तरिक सूचना प्रणालीलाई व्यवस्थित गर्न समेत आवश्यक काम कारवाहीहरु गर्न समेत सहयोग पुगेको छ। यी सबैबाट देशको आर्थिक/शासकीय सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।
- धितोपत्र बजारमा सूचिकृत कम्पनीहरुको कुल संख्यामा उत्पादन क्षेत्रका कम्पनीको उपस्थिति ज्यादै नै पातलो भएकाले त्यसमा सुधार गर्नुपर्ने आवश्यकता बोध गरी बोर्डले नेपाल सरकारको स्वीकृतिमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ मा आवश्यक संशोधन हालै मात्र गरेको छ। जसअनुसार वास्तविक क्षेत्रका कम्पनीले अब परियोजनाको निर्माण अवधिमा नै सार्वजनिक निष्काशनमा जान सक्ने व्यवस्था भएको छ। यसरी सार्वजनिक निष्कासनमा जांदा उत्पादन क्षेत्रलगायत वास्तविक क्षेत्रका कम्पनीहरुले कुल जारी पुंजीको कम्तिमा १५ प्रतिशत मात्रै सर्वसाधारणलाई छुट्याउन सक्ने व्यवस्था गरिएको छ। यो संशोधन गर्नुअघि सम्बन्धित् क्षेत्रका विज्ञ समूह, उद्यमी तथा व्यापारिक घरानासंग व्यापक अन्तरक्रिया गरिएको कुरा पनि यहांहरुलाई अनुरोध गर्दछु। यसबाट नेपालको धितोपत्र बजारमा बैंक तथा बित्तीय संस्थाहरुको मात्र बाहुल्यता रहेकोमा बजारमा वास्तविक क्षेत्र (Real sector) तर्फका कम्पनीहरुको प्रवेशलाई सहज गराउने भएकोले आगामी दिनहरुमा धितोपत्र बजारमा उत्पादन क्षेत्रका संगठित संस्थाहरुको प्रवेश भई बजारको सन्तुलित बिकासमा सहयोग पुग्न जाने विश्वास बोर्डले लिएको छ।
- प्राकृतिक स्रोत र साधनमाथि प्रभावित क्षेत्रका स्थानीय जनताको न्यायोचित अधिकार स्थापित गराउने महत्वपूर्ण काम पनि बोर्डले उल्लिखित नियमावलीमा संशोधन गरेर गरेको छ। संशोधनअनुसार प्राकृतिक स्रोत र साधनहरुलाई कच्चा पदार्थका रुपमा प्रयोग गरी वस्तु उत्पादन गर्ने कम्पनीहरुले उसको जारी पूंजीको बढीमा १० प्रतिशत स्थानीय जनतालाई छुट्याउनुपर्ने व्यवस्था गरिएको छ।
- बिक्री नभएको हकप्रद सेयरलाई कम्पनीका संचालकहरुले आफू खुसी बाढिचुढी खाईआएकोमा अब उप्रान्त लिलाम बढाबढबाट मात्रै यस्तो सेयर बांडफांट गर्न सकिने व्यवस्था गर्ने गरी धितोपत्र दर्ता तथा निष्काशन निर्देशिका २०६५ मा संशोधन गरेको छ।
- संस्थापक सेयर धनीहरुले हकप्रद सेयरको पूंजी चुक्ता नगरेसम्म सर्वसाधारण शेयरधनीबाट त्यसबापत पूंजी उठाउन नपाउने व्यवस्था धितोपत्र दर्ता तथा निष्काशन निर्देशिका २०६५ मा संशोधन गरी गरिएको छ।
- सस्थापक सेयरलाई सर्वसाधारणमा परिवर्तन गर्ने लगायतका व्यवस्थाहरु नियमावलीमा व्यवस्था भए बमोजिम नै गर्न सूचिकृत कम्पनी, धितोपत्र दलाल, मर्चेन्ट बैकरहरुलाई पहिलेभन्दा कडाइका साथ लगाइएको छ।
- धितोपत्रको प्राथमिक निष्काशनमा लगानी गर्दा सेयर नपरेका लगानीकर्ताहरुको रकम यथाशिघ्र फिर्ता गर्ने व्यवस्थाका लागि लगानीकर्ताहरुले Clearing House को सदस्य भएको बैंक तथा बित्तीय संस्थामा खाता खोल्नुपर्ने लगायतका व्यवस्थाहरु गरिएको छ।
- लामो समयसम्म दाबी नगरिएका लाभांश तथा आयहरुलाई एकीकृत रुपमा संकलन गरी उक्त रकमलाई बजार बिकास तथा प्रवर्द्धन र लगानीकर्ता प्रशिक्षणमा उपयोग गर्नका लागि अन्य मुलुकहरुमा अभ्यासमा रहे जस्तै एउटा लगानी संरक्षण कोष (Investors Protection Fund) स्थापना तथा संचालन गर्नका लागि आवश्यक कार्यविधि मस्यौदा गर्ने कार्य शुरु भैसकेको छ।
- नेपालमा वस्तु बजार (Commodity Market) संचालन भैसकेको परिप्रेक्ष्यमा यस्तो बजारलाई नियमित र व्यवस्थित गर्न आवश्यक नियमन व्यवस्था बिकास गर्नका लागि नेपाल सरकारद्वारा गठित समितिमा बोर्डसमेत सहभागी भई यससम्बन्धी वस्तु बजार नियमावली, २०६७को मस्यौदा तयार गरिसकिएको छ।
- नेपालमा धितोपत्रको केन्द्रीय निक्षेप प्रणाली स्थापना गर्ने कार्य प्रकृयामा रहेकोमा सोका लागि आवश्यक पर्ने Association of National Numbering Agencies (ANNA), Germany को सदस्यता लिने प्रकृया बोर्डले शुरु गरिसकिएको छ।
- लगानीकर्ता प्रशिक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास, शीप तथा दक्षता हासिल गर्ने उद्देश्यले Korea Council for Investor Education/Korea Financial Investment Association बाट अनुरोध भई आएबमोजिम बोर्ड Asia Forum for Investor Education (AFIE) को संस्थापक सदस्य बनेको छ।

## धितोपत्र दर्ता तथा विवरणपत्र स्वीकृति

- यस वर्षको हालसम्मको अवधिमा बोर्डले साधारण सेयर, हकप्रद सेयर, बोनश सेयर गरी कुल १०३ वटा संगठित संस्थाहरुको रु. १७.६६ अर्ब बराबरको धितोपत्र दर्ता गरी विवरणपत्रलाई स्वीकृति प्रदान गरेको छ।
- यस वर्ष २६ वटा संस्थाहरुको रु.२.३९ अर्ब बराबरको सार्वजनिक निष्काशन गर्न अनुमति प्रदान गरिएको छ।
- यस वर्ष २७ वटा संस्थाहरुको रु.८.१८ अर्ब बराबरको हकप्रद सेयर निष्काशन अनुमति प्रदान गरिएको छ।
- यस अवधिमा बोर्डले ५० वटा संगठित संस्थाहरुको रु.४.२१ अर्ब बराबरको बोनस सेयर दर्ता गरेको छ।

- यस बर्ष बोर्डले २४ संगठित संस्थाहरुको रु. २.८८ अर्ब बराबरको संस्थापक सेयर दर्ता गरेको छ।
- धितोपत्र निष्काशन अनुमतिसम्बन्धी कामकारवाहीलाई प्रभावकारी रुपमा नियमित, व्यवस्थित र पारदर्शी गराउन यस वर्ष धितोपत्र दर्ता तथा निष्काशन कार्यगत समितिलाई पुर्नसंरचना गरी थप प्रभावकारी गराइएको छ।

### धितोपत्र व्यवसाय अनुमतिपत्र प्रदान

- यस वर्ष बोर्डले २ वटा कम्पनीहरुलाई निष्काशन तथा बिक्री प्रवन्ध, २ वटा कम्पनीहरुलाई शेयर रजिष्ट्रार, २ वटा कम्पनीहरुलाई पोर्टफोलियो म्यानेजर र १ कम्पनीलाई अण्डरराइटरको रुपमा कार्य गर्न अनुमतिपत्र प्रदान गरेको छ। यसबाट २०६७ को हालसम्मको अवधिमा बजारमा निष्काशन तथा बिक्री प्रवन्धकको संख्या १६, शेयर रजिष्ट्रारको संख्या १६, पोर्टफोलियो म्यानेजरको संख्या १० र अण्डरराइटरको संख्या १० पुगेको छ।
- धितोपत्र बजारमा विगत लामो समय देखि थप धितोपत्र दलाल व्यवसायीहरुको प्रवेश हुन नसकेको र वि. सं. २०५० सालमा भएको भन्दा पनि धितोपत्र दलाल व्यवसायीहरुको संख्या घटन गई हाल २३ मा कायम रहेकोमा बढीभन्दा बढी सर्वसाधारण लगानीकर्ताहरुलाई धितोपत्र खरिदबिक्रीको सेवा उपलब्ध गराउन थप २७ वटा धितोपत्र दलालहरु बजारमा प्रवेश गराउन बोर्डले आफ्नोतर्फबाट सक्दो प्रयास गर्दै आएको कुरा सर्वविदित छ भन्ने मलाई लागेको छ।

### लगानीकर्ता तथा अन्य सरोकारवालाहरुको सचेतना अभिबृद्धि

- धितोपत्र बजार सम्बन्धमा लगानीकर्ताहरुको जानकारीको स्तर अभिबृद्धि गर्न बोर्डले "लगानीकर्ताहरुले जान्नुपर्ने कुराहरु" विषय शिर्षकमा पकेट बुक प्रकाशन गरी वितरण गरेको छ।
- धितोपत्रका लगानीकर्ताहरुले "धितोपत्रमा लगानी गर्दा ध्यान दिनुपर्ने कुराहरु" सम्बन्धमा पम्पलेटसमेत प्रकाशन तथा वितरण गरेको छ।
- धितोपत्र बजारमा गतिविधिहरुमा सरोकारवालाहरुलाई निरन्तर रुपमा जानकारी उपलब्ध गराईरहने बोर्डले नियमित रुपमा SEBON Newsletter, SEBON Journal, वार्षिक प्रतिवेदन जस्ता प्रकाशनहरु प्रकाशन गर्दै आएको छ। बोर्डले यस वर्षभित्र मात्रै SEBON Journal special volume, Volume 4 र SEBON Newsletter को तेश्रो, चौथो तथा पाँचौं अंक प्रकाशन गरेको छ।
- बोर्डबाट बजारमा हुने सूचना प्रवाहलाई प्रभावकारी गराउन www.sebon.gov.np तथा बजार सहभागीहरुबाट बोर्ड तथा बजारमा प्रवाह हुने सूचनालाई बढी प्रभावकारी गराउन www.sedfar.gov.np गरी दुई वटा छुट्टाछुट्टै वेवसाइटहरुको बिकास गरिएको छ।
- यस वर्षबाट नियमित रुपमा तत्कालै वेवसाइटलाई अपडेट गर्ने काम सुरु गरिएको छ।

### लगानीकर्ताहरुको लागि तालिम तथा प्रशिक्षण

- धितोपत्र बजारमा विवेकशील लगानीकर्ताहरुको बलियो उपस्थिति नभई बजार विकास हुन नसक्ने र लगानीकर्ताहरुको हित संरक्षणका लागि उनीहरुलाई विवेकशील लगानीकर्ताको रुपमा बिकसित गराउनुपर्ने तथ्यलाई मनन् गरी बोर्डले आफ्नै कार्यालय भवनमा लगानीकर्ता प्रशिक्षणका लागि तालिम कक्ष बिकास गरी निरन्तर रुपमा लगानीकर्ताहरुलाई प्रशिक्षित गराउँदै आएको छ।
- धितोपत्र बजारमा देखिएका समस्या तथा समस्या समाधानका उपायहरु सम्बन्धमा बोर्डले यस वर्ष धितोपत्र व्यवसायी तथा नेपाल स्टक एक्स्चेन्जलाई समेत सहभागी गराई धितोपत्रका लगानीकर्ताहरुका लागि अर्न्तक्रिया कार्यक्रम आयोजना गरेको थियो।
- हाल पोखरा, बिराटनगर, बीरगंज, नारायणगढ जस्ता स्थानहरुमा समेत धितोपत्र कारोवार बिस्तार भैसकेको अवस्थामा त्यस क्षेत्रका लगानीकर्ताहरुलाई समेत प्रशिक्षित गराउन बोर्डले आवश्यक तयारी गर्दै रहेको छ।

### सरोकारवालाहरुका लागि तालिम तथा प्रशिक्षण

- धितोपत्र बजार सम्बन्धमा सूचना तथा जानकारीहरु प्रवाह गर्न महत्वपूर्ण भूमिका निभाउनु हुने आर्थिक पत्रकारहरुलाई यस वर्ष बोर्डले धितोपत्र बजार सम्बन्धी विविध विषयबस्तुहरुमा दुई हप्ते प्रशिक्षण दिएको छ।
- विभिन्न क्याम्पसहरुका स्नातकोत्तर तहका व्यवस्थापन विषयका विद्यार्थीहरुलाई धितोपत्र बजारका विविध विषयबस्तुहरुमा बोर्डले समय समयमा प्रशिक्षण दिदै आएको छ।
- न्याय सम्पादनमा लागेका न्यायमूर्ति एवं कानुन व्यवसायीहरुलाई धितोपत्र बजारका विविध पक्षहरु बारेमा जानकारी दिने उद्देश्यले नेपाल धितोपत्र बोर्ड तथा राष्ट्रिय न्यायिक प्रतिष्ठानको संयुक्त आयोजनामा यस वर्ष एक अन्तक्रिया कार्यक्रम गरिएको छ।
- SDMS Project अन्तर्गत विकसित Financials Modules सम्बन्धमा बिभिन्न क्षेत्रका सूचिकृत कम्पनीहरुका ८० जना सहभागीहरुलाई अभिमुखीकरण तालिम प्रदान गरिएको छ।
- धितोपत्र दलाल व्यवसायीहरुका लागि मिति २०६६।१०।८ मा An Overview on Record Keeping and Reporting Requirements and Practices of Stock Brokers विषयक तालिम प्रदान।

गर्नुपर्ने काम कारवाहीहरु त धेरै थिए तर हालको सीमित जनशक्तिका कारण यी भन्दा बढी काम कारवाहीहरु गर्न भने सकिएन। आजको अवस्थामा बोर्डले नियमन गर्नुपर्ने सूचिकृत कम्पनीहरुको संख्या १७१ पुगिसकेको छ भने मर्चेन्ट बैंकरहरुको संख्या तिनले गर्ने व्यवसायको आधारमा ५२ पुगिसकेको छ। साथै बजार नियमन तथा बिकास र लगानीकर्ताको हक हित संरक्षण सम्बन्धमा समय समयमा जटिल प्रकृतिका मुद्दाहरु उठी समाधान गर्नुपर्ने आवश्यकता समेत देखिएको छ। यस अवस्थामा सवैभन्दा बढी खटकेको विषय भनेको बोर्डको जनशक्ति व्यवस्था हो। बोर्डको नियमन विभाग, सुपरीवेक्षण विभाग तथा संस्थागत विभागमा प्रत्येकमा जम्मा २ जना कर्मचारी रहेका छन्। अन्य विभागहरुको अवस्था पनि करीव करीव यस्तै रहेको छ। सीमित जनशक्तिका कारण कार्यसम्पादनमा ढिलाई हुने पक्ष एकातर्फ छदैछ भने अर्कोतर्फ सम्पादित कामकारवाहीको गुणस्तर पनि प्रभावित हुने सम्भावना पनि त्यत्तिकै रहन्छ। अत: यस अवस्थामा अहिले हामीले देखेको बोर्डका लागि सवैभन्दा आवश्यक कुरा भनेकै आवश्यक मात्रामा दक्ष जनशक्तिको व्यवस्था हो। हाल बोर्डका लागि कम्तिमा पनि ५० जना अधिकृतस्तरका कर्मचारीहरुको आवश्यकता रहेको छ। त्यसैले निकट भविष्यमा नै हामी बोर्डका लागि आवश्यक जनशक्ति व्यवस्था गरिने छ।

अन्तमा देशमा छरिएर रहेको स-साना बचतलाई पुँजीको रुपमा उद्योग व्यवसायहरुमा परिचालन गरी देशको आर्थिक बिकास गर्न धितोपत्र बजारको अति नै महत्वपूर्ण भूमिका रहेको हुन्छ भन्ने कुरा सर्वविदितै छ। यो काम बजार बिकास बिना सम्भव देखिन्न। यसका सम्बन्धमा अन्तर्राष्ट्रिय अनुभव हेर्दा नियमन निकायलाई स्वायत्त नगराई अर्को उपाय पनि छैन। अत: नियमन निकायको संस्थागत क्षमता अभिवृद्धि तथा यसका लागि गर्नुपर्ने ऐननियमको विकास तथा सुधारलगायतका विषयबस्तुहरु सम्बन्धमा समेत आवश्यक अध्ययन गरी अगाडि बढिनेछ।

२०६७ जेठ २५




नेपाल धितोपत्र बोर्डको ललितपुर, सातदोबाटो स्थित प्रस्तावित भवन


# नेपाल धितोपत्र बोर्ड

पो.ब.नं. ९०३१, विजयचोक, गौशाला, काठमाडौं
टेलिफोन: ०९७७-१-४४८०३२३, ४४८१३२५, ४११०३२६
४११०३४३, ४४८०३२१, फ्याक्स : ०९७७-१-४११०३३४
ई-मेल: sebo@ntc.net.np
वेवसाइट: *www.sebonp.com*


नेपाल धितोपत्र बोर्डद्वारा प्रकाशित
संरक्षक : डा. शूरवीर पौड्याल, सल्लाहकार सम्पादक : डा. नवराज अधिकारी, सम्पादक : गोपालकृष्ण आचार्य
कार्यालय : विजयचोक, गौशाला, काठमाडौं, पो.ब.नं. ९०३१, फोन नं. ४११०३२६, फ्याक्स : ४११०३३४ Email: sebo@ntc.net.np, Web: www.sebonp.com